बागमती प्रदेश सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं

प.सं.:०८१/८२
च.नं.:

# सूचना

मितिः २०८२/०३/३१

बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८१/०९/२८ गते सुमेरु बचत तथा ऋण सहकारी संस्था समस्याग्रस्त सहकारी घोषणा भई यस समिति समक्ष सम्पति व्यवस्थापन तथा दयित्व भुक्तानी सम्वन्धि कार्यको सम्पूर्ण जिम्मेवारी यस समिति समक्ष आएको तर सुमेरु बचत तथा ऋण सहकारी संस्था लि संग सम्बन्धित बचत फिर्ता, ऋण भुक्तानी र बचत मागदावी निवेदन लगायत विषयमा बचतकर्ता र ऋणीहरुबाट केही समूहले रकम उठाउने गरेको भन्ने यस कार्यालयलाई विभिन्न माध्यम बाट गुनासो र उजुरी प्राप्त हुन आएकोले तपसिल बमोजिमका चार(४) बुदा सुमेरु बचत तथा ऋण सहकारी संस्थाका सम्पूर्ण सरोकारवालाहरु माझ जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) प्रदेश सहकारी ऐन २०७६ ले गरेको व्यवस्था बमोजिम समस्याग्रस्त सहकारी संस्थाको दायित्व भुक्तानी र सम्पति फरफारकको जिम्मा यस समितिलाई रहेको ।

२) वचतकर्ताको बचत फिर्ता समितिले पारदर्शी कार्यविधि बनाई बचत रकम फिर्ता गर्ने र सो को लागि कुनै रकम र समूहमा जोडिनु पर्ने लगायतका कुरा आवश्यक नपर्ने ।

३) ऋणीहरुले आफ्नो ऋण समयमै दाखिला गर्नुपर्ने अन्यथा प्रचलित कानून बमोजिम ऋण असुली प्रक्रिया मार्फत ऋण असुल गर्नुपर्ने ।

४) मागदावी निवेदन स्वयं बचतकर्ताले कार्यालयको वेवसाइट मार्फत बचतकर्ताले आवेदन दिनुपर्ने, आफै आवेदन दिन नसक्ने बचतकर्ताले आफ्नो नजिकको मान्छेको सहयोग मार्फत वा नजिकको साइबरमा गई आवेदन दिन सक्ने । साथै मागदावी निवेदन आवेदन गर्दा कार्यालयको तर्फबाट बचत रकमको अनुपातमा कुनै शुल्क नलाग्ने । साइबर क्याफेले सेवा उपलब्ध गराएबापत सामान्य सेवा शुल्क मात्र लाग्ने र सो बाहेक अन्य कुनै शुल्क नलाग्ने ।

०८२/०३/३०
महेश आचार्य
सदस्य सचिव